# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
# २०७९
## सुरुङ्गा नगरपालिका
## सप्तरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ४४७

मितिः २०७९।३।२१

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्षज्यू,
सुरुङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सप्तरी।

**कैफियत सहितको राय**

हामीले सुरुङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. सुरुङ्गा नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ।
२. लेखापरीक्षणबाट रू ३ करोड ७७ लाख ७८ हजार बेरुजू देखिएको छ । सोमध्ये प्राप्त प्रतिक्रियाबाट रु. १ करोड १० लाख ३४ हजार फस्यौंट भएको र १८ लाख थप भई बाँकी बेरुजू रु. २ करोड ८५ लाख ४४ हजार कायम भएकोमा असुल गर्नुपर्ने रू ५४ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १ करोड ३७ लाख ४७ हजार, नियमित गर्नुपर्ने रू ९३ लाख ११ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु. ६ करोड ७८ लाख ०५ हजार बेरुजू बाँकी रहेकोमा समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ९ करोड ५८ लाख ६४ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लनगरन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदम राज पौडेल)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## सुरुङ्गा नगरपालिका, सप्तरी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४५ | १८५ | ३७७७८ | ० | २३ | ११०३४ | ४५ | १६२ | २८५४४ | ५४८६ | ९३११ | १३७४७ | ० | ० | २३०५८ | ० |

नोटः प्रतिक्रियाबाट फस्र्यौट हुने क्रममा रु. १८ लाख बेरुजू कायमा भएको छ ।

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सप्तरी | ६७८०५ | ० | ४८५ | ६७३२० | ० | २८५४४ | ९५८६४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सुरुङ्गा नगरपालिका, सप्तरी , सुरुगां नगरपालिका , सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | gajendranath sharma | २०७७-१२-९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | suresh dahal | २०७५-१२-२६ | २०७७-९-२९ |
| लेखा प्रमुख | sitaram karki | २०७६-९-१० | |
| | | **बेरुजु रकम** | ३७,७७७,९३१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १५,९५,६८,३४० | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०,०४,२५,७०० | चालु खर्च | ५२,०७,७०,१६९.७२ |
| प्रदेश सरकारबाट अनुदान | २,०३,४५,००० | पूँजीगत खर्च | २४,८२,४२,९५४.२८ |
| राजश्व बाँडफाँट | ९,५८,२८,४६९.६२ | वित्तीय/अन्य व्यवस्था | १,६४,९३,२१९.७२ |
| आन्तरिक आय | १,०५,३६,०१४.३ | | |
| अन्य आय | १६,७५,५२,६९१.८२ | | |
| कुल आय | ६९,४६,८७,८७५.७४ | कुल खर्च | ७८,५५,०६,३४३.७२ |
| बाँकी मौज्दात | | ६,८७,४९,८७३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुरुङ्गा नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्वेश्य रहेको छ। यस सुरुङ्गा नगरपालिका अन्तर्गत ११वडा, ५९सभा सदस्य, १०७.०४वर्ग किलोमिटर क्षेत्रफल तथा ४४हजार २ सय २१ जनसंख्या रहेको छ। | |
| २ | | | **वित्तिय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय-व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । नगरपालिकाले पेश गरेको वित्तिय विवरण निम्नानुसार रहेको छ। | |

**एकीकृत आर्थिक विवरण**
**आर्थिक बर्ष २०७७/७८**

| सि.नं. | आय तर्फ | रकम | सि.नं. | व्यय तर्फ | रकम |
|---|---|---|---|---|---|
| १. | **गत वर्षको जिम्मेवारी** | | १. | **चालु खर्च** | |
| | बैंङ्क | १५५६८४१९५ | | सुरुङ्गानगर कार्यपालिका चालु | १४९६८७७९३.७९ |
| | धरौटी | १५३३८६१ | | संघीयसरकारबाट हस्तान्तरित कार्यक्रम चालु | १९५७६०२३४.८ |
| | विविध कोष खाता | ७४०६२४ | २. | **पुँजिगतखर्च** | |
| | विविध खर्च खाता | २६००० | | नगर पालिकापूंजीगत | २०२५८७११६.३१ |
| | प्रकोप व्यवस्थापन कोष | १५८३६६० | | संघीयसरकारबाट हस्तान्तरित पूंजीगत | २३९९६००१.५६ |
| २. | **संघ अनुदान** | | | प्रदेशसरकारबाट हस्तान्तरित पूंजीगत | १०७८५८०५.४२ |
| | वितिय समानिकरण | १३४८००००० | ३. | **विषयगतनिकासा खर्च** | |
| | शशर्त अनुदान | २६५६२५७०० | | स्थानियपूर्वाधार विकास साझेदार पूंजीगत | ८८८५२३०.९९ |
| ३. | **प्रदेशअनुदान** | | | सामाजिक सुरक्षा तथासंरक्षण | ११८०७८८९९ |
| | वितिय समानिकरण | ७३४५०००. | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १९८८८०० |
| | शशर्त अनुदान | ८०००००० | ४ | **धरौटी** | |
| | विशेष अनुदान | ३००००००. | | धरौटीफिर्ता | ८०६३८८५.५ |
| | समपुरकअनुदान | २०००००० | | धरौटी सदरस्याहा | ८२७७२.७५ |
| ४. | **राजश्वबाँडफाँड** | | ५ | **विविध कोषखाता** | २४१०८१५.२३ |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | संघ | ८६३००४९५.२२ | ६ | **प्रकोपव्यवस्थापन कोष खर्च** | ५९३५७४६.२४ |
| | प्रदेश | ९५२७९७४.४ | ७ | **दहत्तर बहत्तर** | |
| ५. | **आन्तरिक आय** | १०५३६०१४.३ | | **प्रदेश सरकारलाइ ट्रान्सफर** | २६८९८२०. |
| ६ | **विषयगतनिकासा आम्दानी** | | ८ | **बैंक सेवा शुल्क** | ३१०. |
| | स्थानियपूर्वधार विकास साझेदार पूंजीगत | ८८८५२३०.९९ | ८. | **विविध खर्चखाता** | ९९६७२७२.९ |
| | सामाजिक सुरक्षा तथासंरक्षण | ११८०७८८९९ | ९. | **दाखिलाबाँकी** | |
| | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १९८८८०० | | विविध खर्च तर्फ | -६०५२१६.८६ |
| ७ | **दहत्तर बहत्तर** | ६७२४५५०.५३ | | बिनियोजन तर्फ | -१५८०३४.३७ |
| ८. | **धरौटीआम्दानी** | १२७३२५५८.३ | | प्रकोप व्यवस्थापन कोष तर्फ | -५९४१९.७ |
| ९. | **अन्य आइटी** | ३५८४०२.५ | १० | **चेक नसाटीएको** | -१००००. |
| १०. | **प्रकोपव्यवस्थापन कोष** | | ११ | **फिर्ता रकम** | |
| | कोभिडअस्पताल | १०००००० | | संघियशसर्त | ४५१८८८६४.०६ |
| | संघियसरकार | २०९४७५. | | प्रदेशशसर्त | २१४१९४.५८ |
| | खर्चखाताबाट ट्रान्सफर | ४२०००००. | | प्रदेशसमपुरक | १५४५१.५२ |
| ११. | **विविध कोषखाता** | | १२ | **मौज्दात** | |
| | मर्मतसंभार कोष | २०००००० | | सँचितकोष | १८३८५०४९ |
| | महिलाहिंसा निवारण कोष | १००००० | | चालु | २७२७३०३४.३७ |
| | कर्मचारी कल्याण कोष( खर्च खाताबाट ट्रान्सफर) | १०००००० | | पुँजिगत | १३४८६६९१.१२ |
| १२. | **विविध खर्चखाता** | | | आन्तरीक राजश्व | |
| | आइटी अफिसर | ३६०९०२.५ | | प्रकोप व्यवस्थापनकोष | १११६८०८ |
| | सडक बोर्ड | ७५१३८७३ | | विविध खर्चखाता | ९३८७१९.४६ |
| | समपुरक कोष (पुँजिगत खर्च खाताबाट ट्रान्सफर) | २४००००० | | विविध कोषखाता | १४२९८०८.७७ |
| | | | | धरौटी | ६११९७६१.०५ |
| | | | | विभिज्यकोषखाता | ०.२२ |
| | | | | राजश्वबाँडफाँड | ० |
| | **जम्मा** | **८५४२५६२१६.** | | **जम्मा** | **८५४२५६२१६.** |

| | | | | |
|---|---|---|---|---|
| ३ | | | **लेखापरीक्षणको क्रममा असूली**<br>लेखापरीक्षणको क्रममा घटी पारिश्रमिक कर कट्टी गरेको रु.१३८१०.०० असुल भइ राजश्व दाखिला भएको छ । | |
| ४ | | | **वित्तीय विवरण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | वित्तिय विवरणको सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः<br>क. नगरपालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा पूर्ण रुपमा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय-व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | **घटी जिम्मेवारीः** गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१५७३५६७२९.३० रकम जिम्मेवारी सार्नुपर्नेमा म.ले.प फारम २७२ मा रु.१५५००६४४५.०० जिम्मेवारी सारेकोमा रु २३५०२८४.३० घटी जिम्मेवारी सारेको छ । त्यसै गरी धरौटी बैङ्क मौज्दात रु.१५३२३६१.०० रहेकोमा यस बर्ष रु.१५८१३६१.०० जिम्मेवारी सारेकोमा रु.४९०००.०० बढी जिम्मेवारी सारेको छ । कार्यालयले लेखापरीक्षण प्रतिवेदनमा बमोजिमको गतबर्षको जिम्मेवारी रकम उल्लेख गरी एकीकृत आर्थिक विवरण तयार गरी पेश गरेकोमा सोही बमोजिम प्रतिवेदन गरीएको छ । सुत्रमा घटी जिम्मेवारी सम्बन्धमा यकिन हुनुपर्दछ । | |

| शिर्षक | गत बर्षको मौज्दात | | फरक |
|---|---|---|---|
| | सुत्र अनुसार | एकीकृत आ वि अनुसार | |
| धरौटी | १५८१३६१ | १५३३८६१ | ४७५०० |
| प्रकोप व्यवस्थान कोष | ५७८३६५९.८५ | १५८३६६० | ४२००००० |
| मर्मत संभार कोष | २७३४७२८ | ७४०६२४ | १९९४१०४ |
| बिबिध खर्च खाता | ९९१३८५८ | २६००० | ९८८७८५८ |
| | | जम्मा | १६१२९४६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.३ | | | **बैक हिसाब मिलान नगरेकोः** स्थानीयतह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीयतहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीयतहले बैंक हिसाब मिलान विवरण पेश गरेको छ । सुत्रको म.ले.प.फारम २७२ को अनुसुची २४ बैङ्क कारोबारमा भिन्नता (सञ्चितकोष खाता र खर्च खातामा) रु.४,५४,१८,५१०.१६ सहित बैङ्क तथा नगद बाँकी रु.११,३४,३५,३११.३७ रहेको छ । कार्यालयले यस बर्ष संघ र प्रदेशमा खर्च नभइ फिर्ता भएको रकम रु.४,५४,१८,५१०.१६ को बैंक नगदी किताबमा बजेट खर्च महलमा नदेखिएकोले | ६६३,७९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सञ्चितकोष खाता र खर्च खातामा भिन्नता देखिएको छ । देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु.१०७४०८८८१.८० फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । आन्तरीत अनुदान र प्रकोप व्यवस्थापन कोष तर्फ श्रेष्ता भन्दा घटी सम्बन्धमा यकिन हुनुपर्ने रु | |

| क्र.सं. | खाताको नाम | श्रेष्ता अनुसार बाँकी म.ले.प २७२ | बैंक स्टेटमेन्ट अनुसार बाँकी अषाढ ३१ | फरक |
|---|---|---|---|---|
| १ | सँचितकोष | ४६७६६८८.३१ | १८३८५०४९.२ | १३७०८३६०।८९ |
| २ | चालु | ३६२१९१४८.९८ | ६२९३४२८६.७८ | २६७१५१३७।८० |
| ३ | पुँजिगत | १७६४७६४७.०३ | ८३७९९०१०.४४ | ६६१५१३६३।४१ |
| ४ | आन्तरीक अनुदानखाता | १००. | ९१.२७ | (८।७३) |
| ५ | प्रकोपव्यवस्थापन कोष | २११६८०८.३१ | १४५३०१७.६६ | (६६३७९०।६५) |
| ६ | विविधखर्च खाता | ९१२७३४.४६ | १०२४५८१.७८ | १११८४७।३२ |
| ७ | विविधकोष खाता | ३२३९१२.७७ | १७०९८८४.५३ | १३८५९७१।७६ |
| ८ | धरौटी | ६११९७६१.०५ | ६११९७६१.०५ | ०।०० |
| ९ | विभिज्यकोषखाता | ०.२२ | ०.२२ | १३७०८३६०।८९ |
| १० | आन्तरीकराजश्व | ०.०८ | ० | २६७१५१३७।८० |
| ११ | राजश्वबाँडफाँड | ०. | ० | ६६१५१३६३।४१ |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | ६८०१६८०१.२१ | १७५४२५६८३.०१ | १०७४०८८८१।८० | | |
| ४.४ | | | **संचितकोषमा स्थानान्तरणः** एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक बर्षको अन्त्यमा स्थानीयतहको संचितकोषमा स्थानान्तरण गर्नुपर्नेमा आर्थिक बर्ष समाप्त पश्चात पनि चालु खर्च खातामा रु.२७२७३०३४.३७ पुँजिगतमा रु.१३४८६६९१.१२ गरी रु.४०७५९७२५.४९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम संचितकोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | | | | | | | |
| ५ | | | **बजेट तथा कार्यक्रम** | | | | | | | |
| ५.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीयतह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीयतहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीयतहमा उप प्रमुखले रु.६५ करोड ७६ लाख २८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।१४ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले २०७७।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | **क्षेत्रगत बजेट तथा खर्चः** स्थानीयतहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्चगर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ । | |

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ३,३५,४१,००० | २,५९,४९,३६५.८५ | ७७.३७ |
| २ | सामाजिकविकास | २७,०१,२४,००० | २२,४८,२७,८०७.३३ | ८३.२३ |
| ३ | पूर्वाधारविकास | २२,२४,८५,००० | १८,१६,९६,०३६.३२ | ८१.६७ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ३७,४३,००० | २३,५४,३४०.०५ | ६२.९ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १८,८८,११,३२५ | १४,८४,०३,१९२.३३ | ७८.५९ |
| कुलजम्माः | | ७१,८७,०४,३२५ | ५८,३२,३०,७४१.८८ | ८१.१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | **चौमासिक खर्च पुजिगतः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पूँजीगत तर्फ प्रथम चौमासिकमा २.६३ प्रतिशत, दोश्रो चौमासिकमा १०.२१ प्रतिशत र तेश्रो चौमासिकमा ८७.१५ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको ५४.६ प्रतिशत खर्च गरेको छ । वर्षको अन्तमा आएर बढी खर्च गरेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । निर्माण कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृत्तिमा सुधार गरिनुपर्दछ । | |

| पूँजिगत खर्च शिर्षक | कुल खर्च | चैमासिक खर्च | | | अषाढको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | |
| ३ वटा शिर्षक | २३७३६८९२३ | ६२५५६४८ | २४२४३६५३ | २०६८६९६२० | १२९६२१७०६ |
| प्रतिशतः | | २.६३ | १०.२१ | ८७.१५ | ५४.६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.४ | | | **योजनाः** सुत्र अनुसार नगरपालिका पूँजिगत तर्फ १४०, वडास्तरीय १९४, तथा संघिय र प्रदेश हस्तान्तरीत तर्फ २५ वटा गरी जम्मा ३५९ वटा योजनामा रु.३० करोड ४८ लाख ३८ हजार बजेट विनियोजन भई रु.२३ करोड ७३ लाख ६८ हजार खर्च भएको छ । सो मध्ये ३६ वटा योजनामा शुत्रमा वित्तिय प्रगती शुन्य रहेको देखिन्छ । सुत्रमा रु.१ करोड ५५ लाख ५० हजारको २५ वटा योजनाहरुमा थप/घट भइ रकमान्तर गरेको देखिन्छ । नगरपालिकाले रु.१ लाख भन्दा घटीको ११ वटा योजना, रु.५ लाख सम्मको १९४ वटा टुक्रे योजना बनाइ कोटेशन विधि तथा उपभोक्ता समिति मार्फत निर्माण गरेको छ । अन्तिम चौमासीकमा ८७.१५ र आषाढ महिनामा मात्र ५४.६ प्रतिशत रकम विकास निर्माणमा खर्च गरेको, योजना टुक्रा गरी कोटेशन विधिबाट निर्माण गर्ने गरेकोमा योजना छनौट तथा कार्यान्वियन निश्चित मापदण्डको आधारमा भएको देखिदैन । अन्तिम समयमा विकास निर्माणका कार्य गर्नाले योजनाहरु दिगोपना नहुने अवस्थामा सुधार ल्याउनु पर्दछ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ६.१ | | | **आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• नगरपालिकाले एक आर्थिक वर्षमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यसवर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीयतह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति रहने व्यवस्था गरेकोमा नगरपालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखी रहेको पाईयो ।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• मुल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानीमा ETDS समेत गरेको छैन ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । साथै कतिपय गोश्वारा भौचरमा कार्यालय प्रमुख तथा लेखा प्रमुखको हस्ताक्षर बेगर भुक्तानी भएको पाइयो ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तवीक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• कार्यक्रमहरु संचालन गर्दा खरिद गरिएको खर्च भएर नजाने सामानहरु कार्यक्रम पश्चात जिन्सी दाखिला गरी पुन प्रयोगमा ल्याई तालिम कार्यक्रम संचालन गर्नुपर्नेमा प्रत्येक तालिममा पटक पटक खरिद गर्ने गरेको ।<br>• नगरपालिकाले कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछर्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>तसर्थ नगरपालिकाले आन्तरीक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | **आर्थिक कारोबारको लेखाङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नुपर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प.फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । नगरपालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी चेकको बिबरण-२२०, प्राप्त रकमको मास्केवारी-२२२, सन्तुलन परिक्षण-२२५, बजेट रकमान्तर, कार्यक्रम संसोधनको बिबरण-३०४, बस्तु तथा निर्माणको खरिद योजना-३११, परामर्श सेवाको खरिद योजना-३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता-५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत-५०७, बेरुजु लगत-८०१, सम्परीक्षण गोश्वारा अभिलेख-८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, सवारी साधन र मेशिन प्रयोगको लगबुक-९०५, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ । | |
| ७ | | | **खरिद गुरुयोजना र योजना**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार १ बर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी बार्षिक रु.१० करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद गुरुयोजना र नियम ८ अनुसार बार्षिक रु.१० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्डगरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले यस आर्थिक बर्षमा सञ्चालित योजनाहरुको लागी नियमावलीले तोके अनुसारको खरिद योजना तयार गरेको छैन। योजनाले तोकेको समय भन्दा ढिलोगरी योजनाको कार्यान्वयन भए न भएको खरिद योजनामा समावेश नगरी कार्यान्वयन गरे नगरेको सम्बन्धमा एकिन गर्न सकिएन । जसले गर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्नजाने देखिन्छ। बार्षिक खरिद कार्य लाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउनका लागी नियमावलीको परिकल्पना गरे बमोजिमको बार्षिक खरिद गुरुयोजना तयार गर्नेतर्फ कार्यालयको ध्यानाकर्षण हुनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नुपर्दछ । | |
| ९ | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४(३) मा जिन्सी मालसामान तथा तत्सम्बन्धि स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने व्यवस्था छ । नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । साथै नियम १०० मा गत आर्थिक बर्षको मौज्दात, चालू आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको कुल सम्पत्ति तथा जिन्सी मालसामानको परिमाण र मूल्य समेत खुलाई जिन्सी मालसामानको स्रेस्ता माहालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने उल्लेख छ । कार्यालयले गत बर्ष मौज्दात रहेका र यस बर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा पूर्ण रुपमा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । साथै पेश भएको जिन्सी निरीक्षण प्रतिवेदनमा सामानको मूल्य, अवस्था, स्पेशिफीकेशन खुलाएको छैन । यस नगरपालिका अन्तर्गतका साविक नगर विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा समेत अभिलेख अद्यावधिक गरेको छैन । नगरपालिका तथा वडा कार्यालयमा रहेको जिन्सी सामानको अवस्था समेत निरीक्षण गरी जिन्सी मौज्दातको विवरण तयार गरी जिन्सी निरिक्षण प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| १० | | | **पदाधिकारी सुविधा** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>पदाधिकारी सुविधाः मधेश प्रदेश सरकारले स्थानीयतहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ मा स्थानीयतहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ वमोजिम सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मिति देखि मात्र यस ऐन वमोजिम सुविधा पाउने उल्लेख छ । उक्त कानून वमोजिम यस नगरपालिकाका पदाधिकारीहरुले २०७६ आश्विन देखि २०७७ आषाढसम्मको २०७७ को ऐन वमोजिमको सुविधा रु.८०६००००.०० भुक्तानी गरेको छ । पछि निर्माण भएको कानूनले अगाडी देखिकै सेवा सुविधा पाउने व्यवस्थाको कारण पूर्व कानूनले पाउने भन्दा देहाय वमोजिम रु.२९०००००.०० थप भुक्तानी दिइ वढी व्ययभार परेको छ ।
<table>
<tr><th>पदाधिकारी</th><th>२०७५ वमोजिम पाउने मासिक सुविधा</th><th>२०७७ वमोजिम पाउने मासिक सुविधा</th><th>मासिक फरक</th><th>१० महिनाको फरक</th></tr>
<tr><td>वडाध्यक्ष १०</td><td>२००००.००</td><td>२१०००.००</td><td>१००००.००</td><td>१०००००.००</td></tr>
<tr><td>सभा सदस्य ३८</td><td>७०००.००</td><td>७५००.००</td><td>१९०००.००</td><td>१९००००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>यातायात खर्चः मधेश प्रदेश सरकारले स्थानीयतहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ मा पदाधिकारीहरुले पाउने सुविधा अन्तर्गत वडा अध्यक्षहरुले मासिक यातायात खर्च वापत रु.१००००.०० पाउने उल्लेख छ । यातायातको साधन प्रयोग नगरेका पदाधिकारीहरुले मात्र यातायात खर्च लिनु पर्नेमा १० जना वडाअध्यक्षहरुले २०७६ आश्विन देखि २०७७ आषाढसम्म यातायात खर्च वापत प्रतिमहिना रु.१००००.०० का दरले १० महिनाको रु.१००००००.०० भुक्तानी गरेको छ । निजहरुलाइ कार्यालयवाट यातायातका साधन उपलव्ध गराए नगराएको विवरण माग गरिएकोमा उपलव्ध हुन सकेन । निजहरुलाइ कार्यालयवाट यातायातका साधन उपलव्ध नगराएको प्रमाण पेश हुनुपर्ने अन्यथा दोहोरो सुविधा प्रयोग गरेको देखिंदा उक्त रकम असुल गर्नुपर्ने रु</td><td>१,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **अनुदानको अनुगमन**<br>नगरपालिकाले जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराइएको हो सोही प्रयोजनमा खर्च भए नभएको अनुगमन गरी प्रतिवेदन तयार हुनुपर्दछ । तर नगरपालिकाले यो वर्ष अनुदान उपलव्ध गराएको देहाय वमोजिम अनुदान रकमको उद्देश्य अनुरुप प्रयोग भए नभएको अनुगमन गरेको पाइएन । अनुदानवाट भएको खर्चको अनुगमन गरी प्रतिवेदन तयार हुनुपर्दछ ।<br><br>भौ.नं मिति \| अनुदान पाउने संस्था \| रकम<br>२१५-२०७७।१२।२६ \| शिशुवारी क्याम्पस संचालन \| ३०००००.००<br>११३।०७८।३।४ \| जनज्योति महिला बचत तथा ऋण सहकारी संस्था लि \| ६२५०००.०० | |
| १२ | | | **कर्मचारी कल्याणकोष**<br>कार्यालयले कर्मचारी कल्याण कोषको लागी भनी यो वर्ष रु.१००००००.०० खर्च लेखी विविध खातामा जम्मा गरेको छ । कर्मचारी कल्याणकोष सम्बन्धी कुनै कार्यविधि तयार नगरी र कर्मचारी कल्याण कोष सम्बन्धी कुनै खाता समेत संचालन नगरी विविध खातामा रकम जम्मा गर्नु नियमसम्मत देखिएन । | |
| १३ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १३.१ | | | **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीयतहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीयतह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म बनाएका ऐन, नियमावली, कार्यविधि लगायतका विवरण पेश गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतीका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लाग्न बाँकी १५ र यो बर्ष थप भएको ११ गरी कुल २६ विवाद दर्ता भएकोमा १५ वटा मात्र फछ्यौंट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । | |
| १४ | | | **आन्तरीक आय** | |
| १४.१ | | | **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा स्थानीय निकायले एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा भाडा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २०१४००००.०० | १०५३६०१४.०० | ५२.८१ |
| घरजग्गा वहाल कर | | | |
| व्यवसाय कर | | | |
| वहाल विरौटी शुल्क | | | |
| सिफारिस दस्तुर | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.२ | | | **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत तथा कर रकम समेत संकलन गरेको पाईएन । नगरपालिकाले यसबर्ष ब्यबसाय कर रु.२०१८२५.०० मात्र असुली रहेबाट व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन । नगरपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १५ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १५.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधीसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि.डि.इ, प्रशासन अधिकृत, लेखा अधिकृत सहित ९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम संचालन, सेवा प्रवाह तथा नगरपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु पदपूर्ती गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| १५.२ | | | **स्वीकृत दरवन्दी वेगर कर्मचारीः** कार्यालयले स्वीकृत दरवन्दी अनुसार पदपूर्ती गरी कर्मचारीहरुलाइ तलव भत्ता भुक्तानी गर्नु पर्दछ । तर कार्यालयले स्वीकृत दरवन्दी वेगर कमल कुमार कार्कीलाइ कानूनी सल्लाहकारको रुपमा राखी मासिक रु.३०५००.०० का दरले रु.३६६०००.०० भुक्तानी गरेको छ । दरवन्दी वेगर करारमा राखी तलव भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएको रु. | ३६६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.३ | | | **तलबी प्रतिबेदन:** निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ मा जिल्ला स्थित निजामती कर्मचारीको कोष तथा लेखा नियन्त्रक कार्यालय बाट तलबी प्रतिबेदन पारीत गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। नगरपालिकाले यो बर्ष तलबी प्रतिबेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालुको स्वास्थ्यतर्फ रु.४१०४७६२०.९० खर्च लेखेको पाइयो । तलबी प्रतिबेदन पारीत बेगर खर्च लेखेकोमा तलब तथा ग्रेड सम्बन्धमा एकिन हुने आधार रहेन । तलबी प्रतिबेदन पारीत नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन् सक्ने भएकोले तलबी प्रतिबेदन पारित गराएर तलब भत्ता खर्च गर्नुपर्ने देखिन्छ। | |
| १५.४ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न १० पदमा २९ जना कर्मचारीहरु करारमा राखि रु.८०,५७,०२०.०० खर्च लेखेको छ । | |
| १६ | | | **अनुदान फिर्ता**<br>**अनुदान फिर्ताः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी उल्लेख गरेको बाहेक बजेट शीर्षकको निकासा रकम खर्च नभई बाँकी रहेमा सालतमाम हुनु भन्दा कम्तिमा ७ दिन अगाडि आर्थिक कारोवार बन्द गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले खर्च नभई वाँकी रहेको फ्रिज हुने रकम संघिय सरकारको मिति २०७८।४।५ मा रु.४५१८८८६४.०६ र मिति २०७८।६।५ मा रु.६,८०,५९९.५८ तथा प्रदेश सरकारको मिति २०७८।४।५ मा रु.२२९६४६.१० गरी जम्मा रु.४६०९९१०९.७४ संचित कोष दाखिला गरेको छ । कानुनमा भएको व्यवस्था बमोजिम समयमा फिर्ता गर्नुपर्दछ । | |
| १७ | | | **घटी दाखिला**<br>**पोखरी ठेक्काः** कार्यालयवाट उपलव्ध विवरण अनुसार गत विगतमा ठेक्का लगाएका पोखरी मध्ये मधुपट्टी ४ विश्वनगर रामजानकी मन्दिर नजिकको पोखरी विमल कुमार चौधरीलाइ २०७८।३।३० सम्म रु.१४६९००.०० (मू.अ.कर समेत) वुझाउने गरी ठेक्का सम्झौता गरेकोमा रु.९७९३७.०० मात्र वुझाई रु.४८९६३.०० हालसम्म वुझाएको देखिएन । उक्त रकम सरकारी बांकी सरह असुल उपर गर्नुपर्ने रु. | ४८,९६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **प्रकोप व्यवस्थापन कोष** नगरपालिकाले प्रकोप व्यवस्थापन कोषमा गत बर्षको मौज्दात रु.१५८३६६०.००, कोभिड अस्पतालको लागी प्राप्त रु.१००००००.००, संघिय सरकारबाट रु.२०९४७५.०० र खर्च खाताबाट ट्रान्सफर रु.४२०००००.०० सहित जम्मा रु.६९९३१३५.०० मध्ये कोभिड १९ रोगको रोकथाम तथा नियन्त्रणका लागि रु.४७४३८८२.२४ र प्रकोप व्यवस्थापन अन्य तर्फ रु.११९१८६४.०० गरी जम्मा रु.५९३५७४६.२४ खर्च लेखेको छ । कोभिड १९ रोगको रोकथाम तथा नियन्त्रणका लागि राहत वितरणमा रु.५९६७७७.००, क्वारेन्टाइन संचालन खर्च रु.५०५१९९.००, औषधी तथा स्वास्थ्य समाग्री उपकरण खरिद रु.१९५४४०७.८६, कोभिड अस्पताल संचालन खर्च रु.८१५७९७.७० र अन्य रु.८७१६९९.६८ गरी जम्मा रु.४७४३८८२.२४ र प्रकोप व्यवस्थापन अन्य तर्फ रु.११९१८६४.०० खर्च गरेको छ । उक्त खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन । | |
| १८.१ | | | **स्वास्थ सुरक्षा सामाग्री वितरण तथा अभिलेखः** नगरपालिकाले कोभिड १९ रोग रोकथाम तथा नियन्त्रणको लागि विभिन्न औषधी, उपकरण तथा स्वास्थ्य सामाग्री खरिद गरी देहाय बमोजिम भुक्तानी गरेको छ । खरिद गरेका सामानको वितरण, हस्तान्तरणको अभिलेख राखेको छैन । यसरी पटक पटक सामान खरिद गर्दा प्रतिस्पर्धात्मक विधिवाट समेत खरिद गरिएको छैन । प्राप्त सामानको आम्दानी तथा वितरणको अभिलेख पेश हुनुपर्ने रु. | १,९५४,४०० |

| गो भौ नं। मिति | आपूर्तकको नाम | खरिद सामानको विवरण | रकम |
|---|---|---|---|
| ८-७।५ | शर्मा ग्रुप एण्ड सप्लायर्स | स्यानिटाइजर | ९९,०००.०० |
| ९-७।२४ | कर्मदा ट्रेड एण्ड सप्लायर्स | मास्क स्यानिटाइजर | ९९,८३३.०० |
| | युनाइटेड रिसोर्स कम्पनी एण्ड कन्सल्टेन्सी प्रा०ली० | स्यानिटाइजर मेसीन | ९९,८९२.०० |
| ११।७।२६ | पि.एस. ट्रेडर्स एण्ड सप्लायर्स | मास्क-१८००० | ८१,३६०.०० |
| | राहुल ट्रेडर्स एण्ड सप्लायर्स | मास्क-२१०००० | ९९,६६६.०० |
| १३।९।१ | पि.एस. ट्रेडर्स एण्ड सप्लायर्स | स्यानिटाइजर | ४७,२९०.५० |
| | राहुल ट्रेडर्स एण्ड सप्लायर्स | स्यानिटाइजर, मास्क-४००० | ८९,७२२.०० |
| २४।१।१५ | प्रधान फर्मा | मास्क स्यानिटाइजर लगायत | ५८,६२०.०० |
| २६।१।२३ | प्रधान इन्टरप्राइजेज एण्ड सप्लायर्स | मास्क-५१०००, स्यानिटाइजर | ४९९९८४.०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ३०।२।१७ | एस.टी.एम. फर्मा प्रा.ली. लगायत दुइ फर्म | औषधी, अकसीमिटर | १६५,३०३.८७ | |
| | | | | ३१।२।२७ | एस.टी.एम. फर्मा प्रा.ली. | औषधी | ७६,४३९.७५ | |
| | | | | ३५-३।९ | एस. औषधी पसल | मास्क स्यानिटाइजर | ४,९७,६५६.६८ | |
| | | | | ३८।२।२४ | सप्तरी ड्रग सेन्टर | औषधी | ९९०९०.०० | |
| | | | | ४९-३।३० | शर्मा ग्रुप एण्ड सप्लायर्स | स्यानीटाइजर मेसीन | ३९५५०.०० | |
| | | | | | | जम्मा | १९५४४००.८६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>गत बर्षको भुक्तानीः आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम १९ मा खर्चको विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न क्वारेन्टाइन संचालनमा गत बर्षको विल भर्पाइको आधारमा भुक्तानी गरेकोमा पेश भएको भुक्तानी बाँकीको कच्चाबारीमा निम्नानुसारको भुक्तानी बाँकी प्रमाणीत रहेको छैन । साथै उक्त क्वारेन्टाइनमा बसेको विरामी विवरण संलग्न नगरी भुक्तानी भएकोमा विरामी संख्या अनुसारको खर्च भिडान गर्न सकिएन । गत बर्ष भुक्तानी नभएको प्रमाणीत आधार तथा के कती विरामीको लागी उक्त खर्च गरिएको सो खुल्ने प्रमाण संलग्न गरी पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौचर नं/मिति</th><th>भुक्तानी पाउने</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>३-६।२९</td><td>देव चौधरी</td><td>१२२७०३.००</td><td>केशव ज मा वि टीकुलीया क्वारेन्टाइनका लागी खाद्ययान्न खरिद</td></tr>
<tr><td>४-६।२९</td><td>सुशिल महतो</td><td>७८४१०.००</td><td>दौलतपुर क्वारेन्टाइनका लागि सामाग्री खरिद</td></tr>
<tr><td>५-६।२९</td><td>कौसील राज केसी</td><td>५८२२६.००</td><td>सिसुवारि क्वारेन्टाइनका लागि सामाग्री खरिद</td></tr>
<tr><td>६-६।२९</td><td>दिलाष्य मण्डल लगायत २ जना</td><td>३७०००.००</td><td rowspan="2">दौलतपुर क्वारेन्टाइनमा ज्लादारीमा काम गरे वापत भुक्तानी</td></tr>
<tr><td>७-७।२</td><td>जित बहादुर तिवारी</td><td>५२०००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३४८३३९.००</td><td></td></tr>
</table></td><td>३४८,३३९</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>नगरपालिका पुँजिगत तर्फ<br>उपभोक्ता समिति परीचालनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । यस बर्ष उपभोक्ता समिति मार्फत सँचालन गरेका योजनाहरुको लागत अनुमान, सम्झौता रकम, कार्यसम्पन्न रकम, भुक्तानी सहितको एकिकृत विवरण नगरपालिकाको योजना शाखा सँग पटक पटक माग गरेकोमा पेश गरेको छैन जसले गर्दा लेखपारिक्षण योजना बमोजिम नमूना छनौट गर्न कठिनाइ भएको छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष १२९ वटा योजनामा उपभोक्ता समिति मार्फत काम गराइ रु.८२६४३५९४.०० भुक्तानी भएको देखिन्छ । सो मध्ये नमुना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका नगरपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-<br>क) उपभोक्ता समिति गठन गर्दा गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तीमा सात दिन अगाबै सार्वजनिक गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>ख) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।<br>ग) योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।<br>घ) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन । साथै सार्वजनिक खरिद नियमावलीको प्रतिकुल हुनेगरि समयमा काम नगर्ने उपभोक्ता समितिको म्याद थप गरेको छ ।<br>ङ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।<br>च) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूचि ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहेता पनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन गरेकोमा प्रतिवेदनमा अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरेको छैन ।<br>छ) तीन लाख भन्दा बढी लागत भएका योजनाको अनुसूची ५ बमोजिमको ढाँचामा सूचनापाटी आयोजना स्थलमा राख्नुपर्ने व्यवस्था भएपनि फिल्डमा निरीक्षण गर्दा सूचनापाटी नदेखिएको तर सूचनापाटीको लागि लागत अनुमानमा रकम उल्लेख गरी राख्ने गरेको कारण थप व्ययभार सिर्जना भएको तर पारदर्शिता प्रवर्धन भएको देखिएन ।<br>ज) उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।<br>झ) उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ञ) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुन सकेन ।रकम प्राप्त गर्नेको डोरहाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।<br>ट) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लनगरनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br>ठ) उपभोक्ता समिति मार्फत कार्य गराउँदा मूल्य अभिवृद्धी कर योग्य सामानमा मूल्य अभिवृद्धी कर समेत थप गरी लागत अनुमान तयार तथा मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छ । कार्यालयले जिल्ला दररेटको आधारमा मूल्य अभिवृद्धी कर थप गरी भुक्तानी गर्ने तर उपभोक्ता समितिले सामान खरिद गरेको विल पेश गर्दा मूल्याङ्कनमा दिइएको मूल्य भन्दा घटी सामान खरिदको विल र सोमा मूल्य अभिवृद्धी कर थप गरेको प्रमाण पेश गर्दा समेत पुरै मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । उपभोक्ता समितिले घटी मूल्यको सामान खरिद गरी मूल्य अभिवृद्धी कर तिरेकोमा कार्यालयले जिल्ला दरकै आधारमा मूल्याङ्कन गरी भुक्तानी गर्दा बढी मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । लेखापरीक्षणमा सिमित समयको कारण उपभोक्ता समितिलाई बढी मूल्य अभिवृद्धी कर भुक्तानी रकम यकिन गर्न सकिएन । यस सम्बन्धमा नगरपालिकालेनै छानविन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । यस सम्बन्धी उपभोक्ता समितिले पेश गरेको विलका केही उदाहरण निम्नानुसार छनः | |

| सामानको विवरण | उपभोक्तालाई मूल्याङ्कन गर्दा दिएको मू.अ.कर | सामान खरिदमा तिरेको मू.अ.कर | फरक |
|---|---|---|---|
| इटा प्रति गोटा | २.०८ | १.५६ | ०.५२ |
| सिमेन्ट प्रति बोरा | १२१.५८ | ८४.५ | ३७.०५ |
| डण्डी प्रति के.जी | ११.५७ | ९.७५ | १.८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ड) **सामुदायिक भवन मन्दिर तथा अन्य सार्वजनिक प्राकृतिका भवन एवं कम्पाउण्डवाल निर्माणः** सार्वजनिक निकायले सार्वजनिक स्रोत परिचालन गरी भवन लगायतका संरचना निर्माण कार्य गर्दा नगरलिकाको जग्गा वा सार्वजनिक प्रयोजनमा रहेको जग्गामा निर्माण गर्नु पर्ने, आवश्यकता र प्राथमिकताको आधारमा योजना संचालन गर्ने र स्थानीय सरकार संचालन ऐनको दफा २४ समेतलाई ध्यान दिई योजनाको प्राथमिकीकरण गर्नु पर्नेमा नगरपालिकाले नक्सापास नगरी, जग्गा सार्वजनिक नहुदै व्यक्तिको मन्जुरीको आधारमा निर्माण गर्ने संरचनाको अत्यावश्यक भागहरुलाई वेवास्ता गरी आंशिक रुपमा योजना तयार गर्ने र त्यसैलाई सम्पन्न देखाई, आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल नगरेको, त्यस्ता संरचना विगतमा अन्य सरकारी एवं गैह्रसरकारी निकायको लागत सहभागितामा रहेको अवस्थामा त्यस्ता निकाय संग समन्वय गरेको अभिलेख नराखेको, भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन र नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरी एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी निर्माण गर्ने पर्याप्त अनुगमन र सम्वन्धित क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुनेतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| २० | | | **उपभोक्ता समिति मार्फत सामान खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समूदायवाट सामान खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले वडा नं.३, ४, ७ र ९ का ३०१ जनालाइ ट्यूववेल समेतको सामाग्री खरिद गरी वितरण गरेको भनी उपभोक्ता समितिलाइ रु.३८८०७४०.०० भुक्तानी गरेको छ । उपभोक्ता समितिको विल भरपाइको परीक्षण गर्दा ओमशान्ती जनरल स्टोर्स एण्ड सप्लायर्सवाट रु.४१६१४१५.०० का सामान खरिद गरी १६७ जनालाइ मात्र वितरण गरेको भरपाइ संलग्न छ । खरिद गरिएको १३४ थान ट्यूववेल वितरणको प्रमाण संलग्न छैन । लाभग्राही समूदायको छनौट, वितरणको भरपाइ र जडान सम्पन्न देखिने प्रतिवेदन वेगर केवल विलको आधारमा मात्र उपभोक्ता समितिलाइ भुक्तानी गरेको अनियमित देखिएको रु. | ३,८८०,७४० |
| २१ | | | **नर्मसको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा कार्यालयले गर्ने निर्माण प्रकृतीसंग मिल्ने नेपाल सरकारवाट स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्नेमा सडक र नाला निर्माणमा सडक विभागको नर्म्स प्रयोग गर्नु पर्नेमा अन्य निकायको नर्म्स प्रयोग गरेको पाइयो । जसले गर्दा PCC (1:2:4) ढलानमा सडक विभागको नर्म्स प्रयोग गरी नगरपालिकाको निर्माण सामाग्रीको दररेट राख्दा प्रति धनमिटर रु.१०४०० ले उपभोक्ता समितिलाइ | १,९८६,४५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानी गर्नुपर्नेमा प्रतिघटर रु.१२७३७.०० ले भुक्तानी गरेको छ । निर्माणको प्रकृति भन्दा फरक नर्म्स प्रयोग गरी देहायका योजनामा भुक्तानी गर्नाले देहाय बमोजिम थप व्ययभार परेको रु. | |

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | परिमाण घनमिटर | फरक दर | बढि व्ययभार रकम |
|---|---|---|---|---|
| **प्रदेश पूंजीगत** | | | | |
| ३-२०७८।३।२५ | वडा नं.९ परमानपुर सिमाना देखि टिकुलिया मुर्गा फारामसम्म सडक ढलान | २३७ | २३३७ | ५५३८६९.०० |
| ४-२०७८।३।२८ | वडा नं.८ थापी वजारमा सडक ढलान | १५९ | २३३७ | ३७१५८३.०० |
| **नरपालिका पूंजीगत** | | | | |
| ११९-२०७८।१।१६ | राजाजी आरसिसि ढलान उ.स | ६५ | २३३७ | १५१९०५.०० |
| १२९-२०७८।१।१९ | वडा नं.२ हर्दियाको वाटोमा आरसिसि ढलान | २४ | २३३७ | ५६०८८.०० |
| २६०-२०७८।३।२२ | वडा नं.५ मा भगवती आरसिसि ढलान | १०४ | २३३७ | २४३०४८.०० |
| २९०-२०७८।३।२५ | वडा नं.१ मा कृषि सडक निर्माण | २२ | २३३७ | ५१४१४.०० |
| ३४१-२०७८।३।२९ | वडा नं.१० मा आरसिसि ढलान | ४२ | २३३७ | ९८१५४.०० |
| ३४८-२०७८।३।२९ | वडा नं.५ मा कुशाहा पश्चिमटोलमा सडक ढलान | ११७ | २३३७ | २७३४२९.०० |
| ३७७-२०७८।३।३० | वडा नं.३ को छेदिया समानको घरदेखिको सडक ढलान | ३१ | २३३७ | ७२४४७.०० |
| **स्थानिय पूर्वाधार साझेदारी विकास कार्यक्रम** | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>९-२०७८।२।२५</td><td>वडा नं.२ राजाजी आरसिसि ढलान</td><td>४९</td><td>२३३७</td><td>११४५१३.००</td></tr><tr><td></td><td>जम्माः</td><td></td><td></td><td>१९८६४५०.००</td></tr></table> | |
| २२ | | | **जटिल संरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यसका केही उदाहरणहरु यस प्रकार रहेकाछन्:<br><table><tr><td>गोभौनं./मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>कामको विवरण</td><td>भुक्तानी रकम</td></tr><tr><td>२८७-२०७८।३।२५</td><td>वडा नं.८ मा सामूदायिक भवन निर्माण</td><td>भवन निर्माण</td><td>१३४९३६२.००</td></tr><tr><td>२५८-२०७८।३।२१</td><td>वडा नं.७ मा अधुरो योग भवन निर्माण</td><td>भवन निर्माण</td><td>२४६५३४९.००</td></tr><tr><td>२५६-२०७८।३।२१</td><td>वडा नं.१० मा वालविकाश भवन निर्माण</td><td>भवन निर्माण</td><td>९२७१५२.००</td></tr><tr><td>२२९-२०७८।३।१८</td><td>वडा नं.८ मा अधुरो स्वास्थ्य चौकी भवन निर्माण</td><td>भवन निर्माण</td><td>१७७७३७७.००</td></tr></table> | |
| २३ | | | **पावर टिलर खरिद**<br>कार्यालयले ५० प्रतिशत अनुदानमा शिलवन्दी दरभाउपत्रको माध्यमवाट १२ सेट पावर टिलर र रिपर खरिद गरी नयाँ तुलसी ट्रेडलिंक प्रालिलाइ रु.२८२००००.०० को विजकमा कार्यालयको तर्फवाट रु.१४१००००.०० भुक्तानी गरेको छ । खरिद गरिएका पावर टिलर विभिन्न वडाका १२ व्यक्तिलाइ वितरण गरिएकोमा सामान प्राप्त गर्ने व्यक्ती छनौटको आधार पेश भएको छैन । साथै सामान प्राप्त गर्ने व्यक्तिले प्राप्त पावर टिलर अन्य किशानलाइ प्रयोगमा दिंदा सहुलियत दरमा उपलव्ध गराए नगराएको कार्यालयले अनुगमन गरेको छैन । उक्त कार्यको अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ । | |
| २४ | | | **खरिदमा प्रतिस्पर्धा** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकायले खरिद गर्दा प्रतिस्पर्धात्मक तरिकावाट मितव्ययी तरिकावाट खरिद गर्नु पर्दछ । साथै सोही ऐनको दफा २६ मा वोलपत्रदाताले आपसमा मिलेमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्र रद्ब हुने व्यवस्था छ । यो वर्ष कार्यालयले शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट विभिन्न ६१ वटा खरिद सम्झौता गरेकोमा अधिकांश सम्झौतामा लागत अनुमानको तुलनामा न्यून अंकमा ठेक्का सम्झौता भएको छ । अधिकांश ठेक्कामा तिनवटा प्रतिस्पर्धिमात्र सहभागी भएको र लागत अनुमानको हाराहारीमा कवोल गरेको हुंदा ठेक्कामा प्रयाप्त मात्रामा प्रतिस्पर्धा भएको देखिएन । ठेक्कामा प्रयाप्त प्रतिस्पर्धा गराउन इ-विडिङ्ग समेत गराउनु पर्नेमा कार्यालयले इ-विडिङ्ग गर्ने गरेको पाइएन । प्रचलित ऐन वमोजिम प्रतिस्पर्धात्मक तवरवाट खरिद गर्नुपर्दछ । प्रयाप्त मात्रामा प्रतिस्पर्धा नभएका केही उदाहरण निम्नानुसार छन् । | |

| ठेक्का नं. | योजनाको नाम | लागत अनुमान | वोलपत्र विक्री संख्या | वोलपत्र दाखिला संख्या | निर्माण व्यवसायी | कवोल अंक | लागत अनुमानको तुलनामा घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ४-२०७७।७८ | साविक ४ र ६ मा पक्की नाला निर्माण | १९४१०७३ | ४ | ३ | शुभ प्रभात एण्ड प्रतिभा निर्माण सेवा | १९०६६३१ | १.८२ |
| ५-२०७७।७८ | मौलिया हुंदै लहान जाने वाटो | ९७०८४३ | ५ | ३ | जितु कन्स्ट्रक्सन | ९६८१२८ | ०.२८ |
| ६-२०७७।७८ | चहका नदी नियन्त्रण | १४५९२९२ | ३ | ३ | प्रिति निर्माण सेवा | १४१७६२२ | २.५० |
| ७-२०७७।७८ | लक्ष्मी चौधरीको घरदेखिको पक्की नाला | ९७००९५ | ५ | ३ | ओमकारा इन्जिनियरिङ्ग | ९५०४८४ | २.०२ |
| ११-२०७७।७८ | कदमाहाचोक पिपलवोट देखिको सडक ढलान | ९७०३०५ | ४ | ३ | जितु कन्स्ट्रक्सन | ९६९१०५ | ०.१२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १८-२०७७।७८ | झिल्पीतिया दहको अधुरो रिटेनिङ्गवाल | ७७७१७३ | ८ | ३ | लक्ष्मी कन्स्ट्रक्सन | ७६७६४९ | १.२२ | |
| | | | ५६-२०७७।७८ | वडा नं.११ वडा कार्यालय भवन | ५३३७२४८ | ८ | ३ | एसएचएण्ड सन्स कन्स्ट्रक्सन | ५२७०४०० | १.२४ | |
| | | | ५५-२०७७।७८ | वडा नं.५ वडा कार्यालय भवन | ३७५०३५० | ८ | ३ | फत्ते कन्स्ट्रक्सन | ३७००६७५ | १.३२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **पूर्व निर्धारित क्षतिपूर्ती**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीले सम्झौता वमोजिमको कार्य तोकिएको समयमा सम्पन्न नगरेमा पूर्व निर्धारित क्षतिपूर्ती वापत सम्झौता रकमको शुन्य दशमलन शुन्य पाँच प्रतिशत प्रतिदिनका दरले पूर्व निर्धारित क्षतिपूर्ती तिर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले देहायका निर्माण व्यवसायीलाइ सम्झौतामा तोकिएको समय २०७७।३।१५ मा कोभिड १९ को कारण कार्य सम्पन्न गर्न नसकेको कारण जनाइ २०७७।९।२० सम्म म्याद थप गरेकोमा उक्त समयमा समेत कार्य सम्पन्न नगरेकोमा निजहरुको पुन म्याद थप गरेको छैन । पुन म्याद थप नभएको र निजले म्याद थप अवधीसम्म कार्य सम्पन्न नगरेकोले पूर्व निर्धारित क्षतिपूर्ती वापतको रकम असुल गर्नुपर्ने रु. | २४४,८८० |

| निर्माण कार्य | निर्माण व्यवसायी | मू.अ.कर वाहेकको सम्झौता रकम | म्याद थप अवधी | कार्य सम्पन्न अवधी | ढिलो सम्पन्न दिन | पूर्व निर्धारित क्षतिपूर्ती रकम |
|---|---|---|---|---|---|---|
| ११ नं वडा कार्यालय भवन निर्माण | लक्ष्मी निर्माण सेवा | २१९६२६६ | २०७७।९।२० | २०७७।१२।३० | १०० | १०९८१३ |
| वडा नं.४ कदमाहा टोलमा आरसिसि ढलान | शुभ प्रभात एण्ड प्रतिभा निर्माण सेवा | ११९७३७१ | २०७७।९।२० | २०७८।१।७ | १०७ | ५९७७९.०० |
| वडा नं.३ दौलतपुरमा सडकस्तरोन्नती | शुभ प्रभात एण्ड प्रतिभा निर्माण सेवा | १४०७२६० | २०७७।९।२० | २०७८।१।७ | १०७ | ७५२८८.०० |
| जम्मा | | | | | | २४४८८०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **विल भरपाइ**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले दलित वस्तीमा सामूदायिक भवन निर्माण वापतको भौ.नं २४ मिति २०७४।३।२८ मा निर्माण व्यवसायी फत्ते कन्स्ट्रक्सनलाई अन्तिम विल भुक्तानी गर्दा पिएस आइटम अन्तर्गत Electrical work को रु.२००००० .०० र Sanitary work को रु.३२००००.०० गरी रु.५२००००.०० भुक्तानी गरेकोमा धारा विजुलीको सामान खरिदको विल भरपाइ पेश गर्नु पर्नेमा सो नगरी निर्माण व्यवसायीले आफ्नै कर विजकमा पिएस आइटम उल्लेख गरी रकम भुक्तानी दिएको छ । सामान खरिद र ज्याला वापत भुक्तानी गर्नुपर्ने रकमको विल भरपाइ वेगर भुक्तानी गरेको नियमित नदेखिएको रु. | ५२०,००० |
| २७ | | | **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम**<br>नगरपालिका भित्र वन्ने १५ शैया अस्पताल भवन निर्माणको डिपीआर तयार गर्न रिड इन्जिनियरिङ्ग कन्सल्टेन्सीलाइ रु.१९८८०००.०० भुक्तानी भएको छ । उक्त भुक्तानीमा देखिएका व्यहोरा निम्नानुसार छन् ।<br>(क) परामर्श सेवाको लागत अनुमान रु.१९९८८६८.०० को तयार गरेकोमा लाग्ने प्राविधिक जनशक्तिको नर्म्स लिएको आधार पेश भएन । स्वीकृत नर्म्स वेगर टिम लिडर, इन्जिनियर लगायतको प्राविधिक जनशक्ति एकिन हुन सक्दैन । स्वीकृत नर्म्सको आधारमा मात्र लागत अनुमान तयार गर्नुपर्दछ ।<br>(ख) लागत अनुमान तयार गर्दा सोधभर्नायोग्य खर्च भनी यातायात, निर्वाह भत्ता र घरभाडा वापत रु.९५०००.०० को लागत अनुमान तयार गरी सो वापत यातायात खर्च रु.५००००.०० घरभाडा रु.४५०००.०० र कार्यालय सहायक वापतको तलव रु.२५०००.०० समेत रु.१२००००.०० भुक्तानी दिएको छ । सोधभर्नायोग्य खर्चको विल भरपाइ पेश गरी सो वापत भुक्तानी गर्नु पर्नेमा विल भरपाइ वेगर एकमुष्ट भुक्तानी गरेको अनियमित देखिएको रु. | १२०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **टुक्रा खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सिमिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ मा रु.२० लाखसम्मको मालसामान खरिद र निर्माण कार्य गर्दा शिलवन्दी दरभाउपत्र र सो भन्दा वढीको खरिद गर्नु परेमा वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले वार्षिक खरिद योजना तयार गरी सो अनुसारको कार्य नगर्नाले एउटै प्रकृतिको कार्य टुक्रा टुक्रा गरी खरिद तथा निर्माण कार्य गरेको छ। ऐन तथा नियमावली विपरित सोझै खरिद गरेको नियमित नदेखिएको रु. | २,३६८,७१२ |

| भौ.नं मिति | आपूर्तक | विवरण | रकम |
|---|---|---|---|
| **नगरपालिका पूंजीगत तर्फ** | | | |
| ३४-२०७७।१०।२३ | न्यू निरज स्टिल फर्निचर उद्योग | फर्निचर खरिद | ४४११११५.०० |
| १३९-२०७८।१।२८ | न्यू निरज स्टिल फर्निचर उद्योग | फर्निचर खरिद | ४४६६३२.०० |
| १६२-२०७८।२।९ | महिनावती ट्रेडर्स एण्ड सप्लायर्स | फर्निचर खरिद | ४९५७८५.०० |
| **मर्मत सम्भार कोष** | | | |
| २-२०७७।६।२३ | विमला निर्माण सेवा | कडरवना रौतहट सडक मर्मत | ४९२५२०.०० |
| ३-२०७७।६।२३ | प्रिति निर्माण सेवा | कडरवना रौतहट सडक मर्मत | ४९२६६०.०० |
| | जम्माः | | २३६८७१२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १(क) मा पचास लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्रको माध्यम बाट र सो भन्दा माथिको बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले यस बर्ष औषधी खरिदमा गरेको खर्च सम्बन्धी देखिएका व्यहोरा निम्नछनः<br>(क) नगरपालिकाले पटक पटक गरी नगरपालिका चालुवाट यो वर्ष रु.९०६८२२.००, संघिय सशर्त चालुवाट रु.११८८०००.०० समेत रु.२०९४८२२.०० को औषधी खुला कोटेशनको माध्यवाट खरिद गरेको छ । औषधी खरिद गर्दा आवश्यकताको पहिचान गरी शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा सो नगरी पटक पटक केही शिलवन्दी र केही कोटेशनको माध्यमवाट सिधै खरिद गरेको नियमित देखिएन ।<br>(ख) खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>(ग) आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको<br>(घ) आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघी स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>(ङ) औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको तथा जिन्सी खाता अध्यावधिक नरहेकोले के कती औषधी हस्तान्तरण भएको तथा कती मौज्दात रहेको भन्ने एकिन गर्ने आधार रहेन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>कार्यक्रम संचालन<br>कार्यालयवाट विभिन्न प्रकारका तालिम संचालन गर्न विभिन्न गैह्र सरकारी संस्था छनौट गरी ती संस्था मार्फत कार्यक्रम संचालन गरेकोमा तालिम कार्यक्रमको लागी लागत अनुमान स्वीकृत गरी तालिम संचालक संस्थाहरुसंग प्रस्ताव माग गरी संस्थाको छनौट गर्नुपर्नेमा संस्था छनौटको आधार स्पष्ट नगरी कार्यक्रम गरी भुक्तानी गरेको छ । कार्यक्रमको उपलव्धी सहितको अनुगमन प्रतिवेदन संलग्न नगरी संस्थाको विलको आधारमा मात्र भुक्तानी गर्नाले कार्यालयको उद्वेश्य अनुरुप प्रशिक्षार्थी छनौट भइ लाभान्वित भएको विश्वस्त हुन सकेन । तसर्थ गैह्र सरकारी संस्था मार्फत संचालन गरिने तालिम कार्यक्रमको संस्था छनौट, प्रशिक्षार्थी छनौट र कार्यक्रमको प्रभावकारीताको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ । अनुगमन प्रतिवेदन संलग्न नगरी भुक्तानी भएका केही उदाहरण निम्नानुसार छन् ।
<table>
<tr><th>भौ.नं मिति</th><th>कार्यक्रम</th><th>कार्यक्रम संचालन गर्ने फर्म</th><th>खर्च रकम</th></tr>
<tr><td>३४-२०७७।६।२८</td><td>सहकारी सम्बन्धी तालिम तथा कार्यक्रम</td><td>समाज विकास क्रियाशिल नेपाललाइ भुक्तानी</td><td>४९९४६०</td></tr>
<tr><td>४४-२०७७।६।३०</td><td>नागरिक सचेतना केन्द्रका सदस्यहरुलाइ नेतृत्व विकास तालिम</td><td>महिला वालवालिका तथा यूवा शसक्तिकरण नेपाल राजविराज</td><td>४९९४६०</td></tr>
<tr><td>३७०-२०७८।३।२४</td><td>विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धि अभमुखिकरण तालिम</td><td>आचार्य परामर्श सेवा</td><td>२९९४५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>बोका खरिद</td><td></td></tr>
<tr><td>३१.१</td><td>१७७</td><td>२०७७-१०-२७</td><td>कार्की कृषि तथा पशुपंछी फर्मवाट १ गोटा रु.४२५००.०० र चुरियामाइ खड्का कृषि तथा पशुपंछी फर्म चकलघाट वाट २ गोटा रु.८००००.०० समेत रु.१२२५००.०० को बोका खरिद गरी वडा नं.४ का चारजनालाइ वितरण गरेको भरपाइ संलग्न गरेकोमा कृषक छनौटको लागी सम्बन्धित वडाको शिफारिस संलग्न नरहेको रु.</td><td>१२२,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.२</td><td>१५७</td><td>२०७७-१०-२०</td><td>कालिका प्रगतिशिल कृषि तथा पशुपंछी फर्म दैलेखवाट १० थान वोयर बोका रु.४४००००.०० मा खरिद गरी नं.१ देखि ११ वडा सम्मका वडाध्यहरुले एक एक वटा वुझेको देखियो । उक्त बोकाहरु वडा नं ८ र ११ का वडा अध्यक्षहरुले पाख्रापालक समूहलाइ वुझाएको भरपाइ पेश भएको अन्य वडाले दर्तावाला पशुफर्म/समूहलाई वडाको शिफारिस साथ हस्तान्तरण गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>३६०,०००</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>सशर्त चालु तर्फ<br>अनुगमन प्रतिवेदनः कार्यालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कृषकको लागत साझेदारी समेतमा वाख्रा प्रवर्धन कार्यक्रम, माछा र तरकारीको पकेट कार्यक्रम संचालन गरी यो वर्ष देहाय वमोजमको रकम भुक्तानी गरेको छ । पकेट कार्यक्रम संचालन गर्दा तयार गरेको लागत अनुमान, कृषक छनौटको आधार पेश हुन आएन । साथै कार्यक्रम सन्चालन भएको कृषकले उक्त कार्यक्रमवाट लिएको लाभको वारेमा अनुगमन गरी प्रतिवेदन समेत पेश भएको छैन । अनुदान सदुपयोगको निरन्तर अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ ।
<table>
<tr><th>भौ नं । मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१३०।०७८।३।३०</td><td>लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम</td><td>९९००००.००</td></tr>
<tr><td>१३१।०७८।३।३०</td><td>बाख्राको पकेट कार्यक्रम</td><td>१५०००००.००</td></tr>
<tr><td>१३२।०७८।३।३०</td><td>माछाको पकेट कार्यक्रम</td><td>१४२६५००.००</td></tr>
<tr><td>१३३।०७८।३।३०</td><td>तरकारी पकेट कार्यक्रम</td><td>१८८००००.००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जिवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस नगरपालिका अन्तर्गत ७ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ३९९ जनालाई ५ दिन देखि ६७ दिनसम्म रोजगारी उपलव्ध गराई रु.८४४३१२७.०० श्रमिक ज्याला खर्च गरेको छ । नगरपालिकाकाले योजना छनौट गर्दा योजना दोहोरो नपर्ने गरी छनौट गर्नुपर्दछ । तर नगरपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकेन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षीत वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । | |
| ३४ | | | **अनुगमन प्रतिवेदन**<br>सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शिवीर संचालनको अनुगमन गरेवापत नगरप्रमुख सहित १२ जना पदाधिकारी तथा कर्मचारीले ४ देखि १२ दिन सम्मको रु.८६०००.०० भत्ता खर्च लेखी भुक्तानी गरेकोमा अनुगमन भत्ता बुझने पदाधिकारी तथा कर्मचारीले अनुगमन प्रतिवेदन पेश गरेको छैन । भत्ता वितरण बमोजिमको प्रत्येक मितिको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु | ८६,००० |
| ३५ | | | **शिक्षा तर्फ** | |
| ३५.१ | | | **ग्रेड बढी निकासाः** रा.प्रा.वि.लक्ष्मीपुरमा कार्यरत मञ्जु कुमारी यादवको तलवि प्रतिवेदन अनुसार दोस्रो र तेस्रो चौमासीकमा ४ ग्रेडको दरले लब निकासा हुनुपर्नेमा ५ ग्रेडको दरले निकासा भएको छ । यसरी ९४० प्रति ग्रेडको दरले ६ महिनाको संचयकोष समेत रु.६२०४.०० बढी निकासा भएको छ । तोकिएको ग्रेड दर भन्दा बढी निकासा भएको असुल हुनुपर्ने रु. | ६,२०४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.२ | | | **प्राविधिक ग्रेड बढी निकासा** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७ मा प्राविधिक धारमा कक्षा ११-१२ मा कार्यरत प्रशिक्षकको प्राविधिक भत्ता प्रति महिना रु.३ हजारको दरले अधिक्तम १० महिनाको मात्र निकासा गर्ने उल्लेख छ । श्री मशिलाल जनता मा वि कुशहामा कार्यरत प्राविधिक धार तर्फका २ शिक्षकको तिनै चौमासिकमा मासिक रु.३०००.०० का दरले १२ महिनाको रु.७२०००.०० निकासा भएको छ । अधिकतम १० महिनाको रु.६००००.०० निकासा हुनुपर्नेमा रु.१२०००.०० बढी निकासा भएको छ । बढी निकासा भएको असुल हुनुपर्ने रु. | १२,००० |
| ३६ | | | **छात्रवृति विवरण**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७ मा IEMIS प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृत्ति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले IEMIS मा प्रविष्टि भएको तथ्यांकको आधारमा ३१ वटा विद्यालयमा रु.१७६९२००.०० छात्रवृति निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्नेमा सो नगरेको नियमसंगत देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६.१</td><td>८२</td><td>२०७८-२-२४</td><td>निम्नानुसारको विद्यालयमा छात्रवृत्ती निकासा भएको भन्दा रु.३६५८४.०० घटीको भर्पाइ पेश भएकोमा उक्त रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र स</th><th>विद्यालय</th><th>निकासा</th><th>विल पेश</th><th>घटी</th></tr>
<tr><td>१</td><td>राष्ट्रिय प्रा.वि. बाउन्ना</td><td>१९६००</td><td>१४०००</td><td>५६००</td></tr>
<tr><td>२</td><td>राष्ट्रिय प्रा.वि. भुसी महुलिया</td><td>४३२००</td><td>४००००</td><td>३२००</td></tr>
<tr><td>३</td><td>राष्ट्रिय प्रा.वि. लक्ष्मीपुर, कनकपुर</td><td>५५६००</td><td>५२८००</td><td>२८००</td></tr>
<tr><td>४</td><td>आदर्श राष्ट्रिय प्रा.वि. मधुपट्टी</td><td>२८४००</td><td>२७६००</td><td>८००</td></tr>
<tr><td>५</td><td>जनता आ.वि. वीरनगर</td><td>५००००</td><td>३७८१६</td><td>१२१८४</td></tr>
<tr><td>६</td><td>मसीलाल जनता मा.वि. कुशहा</td><td>१८६४००</td><td>१८२०००</td><td>४४००</td></tr>
<tr><td>७</td><td>राष्ट्रिय प्रा.वि. हरिपुर</td><td>३७६००</td><td>३३६००</td><td>४०००</td></tr>
<tr><td>८</td><td>जनता मा.वि. खैजनपुर, भज्जका</td><td>७२८००</td><td>६९२००</td><td>३६००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>३६५८४</td></tr>
</table>
</td><td>३६,५८४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६.२</td><td></td><td></td><td>निम्नानुसारको विद्यालयमा रु.५८०८००.०० छात्रवृत्ति निकासा भएको वितरणको भर्पाइ पेश नभएकोमा पेश हुनुपर्ने रु.
<table>
<tr><th>क्र स</th><th>विद्यालय</th><th>निकासा</th><th>क्र स</th><th>विद्यालय</th><th>निकासा</th></tr>
<tr><td>१</td><td>राष्ट्रिय प्रा.वि. कदमाहा</td><td>३४०००</td><td>५</td><td>राष्ट्रिय आ.वि. पोखरिया, बसानपट्टी</td><td>५००००</td></tr>
<tr><td>२</td><td>जनप्रभात मा.वि. दौलतपुर</td><td>१७६०००</td><td>६</td><td>केशव स्मारक जनता मा.वि. टिकुलिया</td><td>१७७६००</td></tr>
<tr><td>३</td><td>राष्ट्रिय आ.वि. चहका, कोरैया</td><td>४१२००</td><td>७</td><td>जनता राष्ट्रिय प्रा.वि. औरहा, महेशपुर</td><td>३३६००</td></tr>
<tr><td>४</td><td>राष्ट्रिय प्रा.वि. चकदह, मोहनपुर</td><td>५५६००</td><td>८</td><td>जनता आ. वि. रामपुर, मल्हनिया</td><td>१२८००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>५८०८००</td></tr>
</table></td><td>५८०,८००</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>दिवा खाजा कार्यक्रम<br>शिक्षण सिकाइमा विद्यार्थीहरुको सहमागीता वृद्धि गर्नु दिवा खाजा कार्यक्रमको उद्देश्य रहेको छ ।दिवा खाजा कार्यक्रम अन्तर्गत ०-५ सम्मका बालबालिकाहरुका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने तथा दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थि दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणीत गराइ स्थानीयतहमा सँकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिन सकिने व्यवस्था छ । साथै दिवा खाजा कार्यक्रम संचालन कार्यविधि २०७६ मा दिवा खाजा वापत सोझै विद्यार्थीलाइ रकम भुक्तानी गराउने व्यवस्था रहेको छैन । नगरपालिकाले IEMIS मा प्रविष्टी भएको विद्यार्थी संख्याको आधारमा ११० दिनको ७५ प्रतिशतले हुने रकम रु.६१८४२००.०० दिवा खाजा निकासा गरेकोमा सो सम्बन्धी देखिएको व्यहोरा निम्न छनः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.१ | | | दिवा खाजा कार्यक्रम अन्तर्गत निम्नानुसारको विद्यालयमा निकासा गरेकोमा उक्त विद्यायहरुले विद्यार्थी दैनिक हाजिरी पुस्तिका तथा खर्चको विल भर्पाइ पेश भएको छैन । उक्त विद्यालयमा निकासा बमोजिको कार्यक्रम संचालनको विल भरपाई तथा प्रमाण कागजात पेश गर्नुपर्ने रु. | २,३९९,१०० |

| क्र स | विद्यालय | निकासा | क्र स | विद्यालय | निकासा |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय आ.वि. चहका, कोरैया | १८८१००. | ७ | जनता राष्ट्रिय आ.वि. श्रीपुर जब्दी | २७०६००. |
| २ | जनमुखी सामुदायिक प्रा.वि. हर्दिया | १२०४५०. | ८ | जनता आ. वि. रामपुर, मल्हनिया | ७४२५०. |
| ३ | राष्ट्रिय प्रा.वि. भुसी महुलिया | १७९८५०. | ९ | जनता आ.वि. प्रमाणपुर | २१६१५०. |
| ४ | जनता आ.वि. वीरनगर | १४०२५०. | १० | केशव स्मारक जनता मा.वि. टिकुलिया | ४६३६५०. |
| ५ | मसीलाल जनता मा.वि. कुशहा | ३६९६००. | ११ | जनता राष्ट्रिय प्रा.वि. औरहा, महेशपुर | १७४९००. |
| ६ | जनता मा.वि. खैजनपुर, भजक्का | २०१३००. | | कूल जम्माः | २३९९१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.२ | ६१ | २०७८-१-१९ | नगरपालकाले दिवा खाजा संचालनको हेड काउन्ट तथा अनुगमन बेगर IEMIS मा प्रविष्टी भएको विद्यार्थी संख्यालाइ मात्र आधार मानी निकासा गरेको पाइयो । लेखापरीक्षणको क्रममा १८ वटा विद्यालयमा रु.३१८९४५०.०० निकासा भएकोमा उक्त विद्यालयले दिवा खाजा वापतको रकम विद्यार्थीलाइ भुक्तानी गरेको भर्पाइ पेश गरेको छ । पेश भएको भर्पाइ तथा विद्यार्थी हाजिरी विवरण संग निकासा संख्या भिडान गर्दा कतिपय विद्यालयमा विद्यार्थी संख्या फरक पर्न गएको, कतिपय भर्पाइमा विद्यार्थी हाजिर विवरण संलग्न नरहेको, कतिपय भर्पाइमा रकम उल्लेख नभएको, विद्यार्थि दैनिक हाजिरीपुस्तिका प्रतिलिपि विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणीत समेत गराएको पाइएन । लेखापरीक्षणको क्रममा रा.प्रा.वि भुसी महुलीयामा स्थलगत निरीक्षण गर्दा दिवा खाजा भर्पाइमा केरमेट गरेको, संख्या थप-घट गरेकोमा उक्त विद्यालयहरुमा निकासा बमोजिमको खर्च सम्बन्धमा विश्वस्त हुने आधार रहेन । दिवा खाजा कार्यक्रम संचालन कार्यविधि, २०७६ को व्यवस्था विपरीत खर्चको विल भरपाई संलग्न नगरी सोझै विद्यार्थीलाइ रकम भुक्तानीको भर्पाइ संलग्न गरेको नियमसंगत देखिदैन । नगरपालिकाले दिवा खाजा कार्यक्रम सम्बन्धमा निकासा बमोजिमको विद्यार्थी हाजीरी तथा खर्चको विल भर्पाइ भिडान गरी निकास भन्दा घटी खर्च भएमा असुल गरी खर्च प्रमाणीत हुने अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ३७.३ | | | राष्ट्रिय प्रा.वि. बाउन्नामा रु.१०८,९००.०० निकासा भएकोमा रु.८९९७०.०० को भर्पाइ पेश गरेको छ । यसरी निकासा भन्दा रु.१८९३०.०० घटीको भर्पाइ पेश गरेकोमा उक्त रकम असुल हुनुपर्ने रु. | १८,९३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **पाठयपुस्तक अनुदान**<br>कार्यक्रम कार्यन्वयन पुस्तिका, २०७७।७८ मा निःशुल्क पाठयपुस्तक अनुदान अन्तर्गत IEMIS मा प्रविष्टि तथ्याङ्कलाई यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी यकीन संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा २०७८ बैशाखमा सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठयपुस्तक खरीद र वितरण गरेको विवरणको आधारमा यकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ । नगरपालिकाले उक्त व्यवस्था विपरीत IEMIS को विद्यार्थी संख्याको मात्र आधार लिइ भौचर ८२-२।१४ बाट ७५% रकम रु.३७४६३५२.८४ र भौ.नं.११६-२०७८३।२४ बाट थप विद्यार्थी वापत रु.७१४६३४.०० गरी जम्मा रु.४४६०९८७.६६ सत्यापन बेगर अन्तिम चौमासिकमा निकासा गरेको छ । साथै निम्नानुसारको विद्यालयहरुले पाठयपुस्तक खरिदको विल भर्पाइ पेश नगरेकोमा निकासा भए अनुसारको विद्यार्थी संख्या यकिन गरी विल भर्पाइ पेश गर्नुपर्ने रु. | १,८७७,३८४ |

| सि.न. | विद्यालयको नाम | निकासा | सि.न. | विद्यालयको नाम | निकासा |
|---|---|---|---|---|---|
| १ | जनता आ.वि. शिवनगर | ३९,२२२.२० | ७ | राष्ट्रिय प्रा.वि. हरिपुर | ५७,५०६.३० |
| २ | राष्ट्रिय आ.वि. चहका, कोरैया | ७२,३८०.४० | ८ | राष्ट्रिय प्रा.वि. महुलिया, मलहनमा | ६२,३०२.४० |
| ३ | जनता आ.वि. कमलपुर | ११३,६७८.६० | ९ | केशव स्मारक जनता मा.वि. टिकुलिया | ६०१,२५४.५८ |
| ४ | जनप्रभात मा.वि. दौलतपुर | ४८८,३६५.७० | १० | जनता राष्ट्रिय प्रा.वि. औरहा, महेशपुर | ४१,४९२.६० |
| ५ | आदर्श राष्ट्रिय प्रा.वि. मधुपट्टी | ४६,४६४.०० | ११ | जनता मा.वि. खैजनपुर, भजक्का | २३४,४४५.८० |
| ६ | राष्ट्रिय प्रा.वि. चकदह, मोहनपुर | ८५,२८८.७० | १२ | जनता आ. वि. रामपुर, मल्हनिया | ३४,९८३.७० |
| | | | | **कूल जम्माः** | १८७७३८४.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | ९५ | २०७८-३-१८ | **अनुगमन प्रतिवेदन**<br>विद्यालयमा विभिन्न शिर्षकमा निकाशा दिएकोमा सो निकासा उद्देश्य वमोजिमको कार्य भए नभएको कार्यालयवाट निरन्तर अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा कार्यक्रमको अनुगमन गरी प्रतिवेदन पेश गरेको छैन । विद्यालयलाई देहायका शिर्षकमा निकाशा दिएको रकम सोही उद्देश्य अनुरुप खर्च भए नभएको अनुगमन गरी खर्चका विल भरपाइ सहितको प्रतिवेदन पेश हुनुपर्ने रु.<br><table><tr><td>विद्यालयको नाम</td><td>अनुदान प्रयोजन</td><td>रकम</td></tr><tr><td>जनता आ वि भेडिया सुरुङ्गा २</td><td>आईसिटि ल्याव स्थापना</td><td>६५००००</td></tr><tr><td>केशव स्मारक जनता मा वि टिकुलीया सुरुङ्गा ९</td><td>विज्ञान प्रयोगशाला निर्माण</td><td>६५००००</td></tr><tr><td></td><td>जम्माः</td><td>१३०००००</td></tr></table> | १,३००,००० |
| ४० | १०५ | २०७८-३-२३ | **शिक्षण सहयोग अनुदान**<br>अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरवन्दी वा राहत अनुदान भएका गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका विद्यालय मा वि तह (९-१०) लाई न्युनतम २ र आधारभूततह नि.मा.वि.तह (६-८) लाई न्यूनतम १ शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ । नगरपालिकाले ८ वटा विद्यालयमा उक्त कार्यक्रम अन्तर्गत रु.१९४४०००.०० निकासा गरेकोमा यस आर्थिक बर्षमा सो विद्यालयमा उक्त कार्यक्रम अन्तर्गत शिक्षक नियुक्त गरेको पाइएन । नगरपालिकाले सम्बन्धित विद्यालयलाइ शिक्षक नियुक्ती भएको मिति देखि गणना गरी आ.व २०७८।७९ मा विनियोजीत बजेटबाट निकासा गर्नुपर्ने तथा गत आ.व. मा निकासा भएको रकम असुल हुनुपर्ने देखिन्छ । यसरी शिक्षक नियुक्ती बेगर निकासा भएको रकम असुल गर्नुपर्ने रु.<br><table><tr><td>सि.न.</td><td>विद्यालयकोनाम</td><td>अनुदान निकासा</td><td>शिक्षक नियुक्ती विवरण</td></tr><tr><td>१</td><td>राष्ट्रियआ.वि. चहका, कोरैया</td><td>२६१,०००</td><td>२ जना शिक्षक ०७८।६।१२ मा नियुक्त</td></tr><tr><td></td><td></td><td></td><td></td></tr></table> | १,९४४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २ | जनताआ.वि. कमलपुर | २००,००० | १ जना शिक्षक ०७८।५।२५ मा नियुक्त |
| ३ | जनताआ.वि. भेडिया | १५०,००० | २ जना शिक्षक ०७८।४।११ र ५।११ मा नियुक्त |
| ४ | राष्ट्रियआ.वि. पोखरिया, बसानपट्टी | २६१,००० | २ जना शिक्षक ०७८।११।२९ मा नियुक्त |
| ५ | आ.वि. मलहनमा | १५०,००० | १ जना शिक्षक ०७८।११।२६ मा नियुक्त |
| ६ | मुसहरनियाँआ.वि. समसेरपुर | २६१,००० | २ जना शिक्षक ०७८।१०।१ मा नियुक्त |
| ७ | जनताआ.वि. प्रमाणपुर | २६१,००० | शिक्षक नियुक्तीको विवरण पेश नभएको |
| ८ | जनतामा.वि. खैजनपुर, भज्जका | ४००,००० | २ जना शिक्षक ०७८।५।१ मा नियुक्त |
| | जम्माः | १,९४४,००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | १०६ | २०७८-३-२३ | **सियुजी सेवा** | १,८४५,३६६.४४ |

